# विद्यालयमा आधारित तालिम प्रतिबेदन

## बागलुङ्

भ्रमण मितिः २०६९ माघ २० देखि २८ गते सम्म (०२-१० फेब्रुअरी २०१३)

### भ्रमणका उद्देश्यहरू

- ई-पाटी एकीकृत शिक्षणको आधारभूत तालिममा सहभागी हरेक शिक्षकहरूको कक्षा अवलोकन गरी पृष्ठपोषण दिनु ।
- शिक्षकहरूलाई अभ्यास गराउँदै विद्यालय सर्भर र ई-पाटीहरू अपडेट गराउनु ।
- ई-पाटी एकीकृत शिक्षणको क्रममा शिक्षकहरूलाई कुनै प्राविधिक वा अप्राविधिक समस्या भएमा समाधान गर्न सहयोग गर्नु ।

### भ्रमण टोली

- टीकाराज कार्की साझा शिक्षा ई-पाटी
- सुमित आचार्य साझा शिक्षा ई-पाटी
- आदेश भेटवाल काठमाण्डौ विश्वविद्यालय
- उर्मिला पोखरेल काठमाण्डौ विश्वविद्यालय

### भ्रमण गरिएका विद्यालयहरू र सम्पन्न भएका क्रियाकलापहरु

**श्री गणेश माध्यमिक विद्यालय ठाँटी नारायणस्थान बाग्लुङ्**

- अवधि- माघ २१ र २२, २०६९ (३ र ४ फेब्रुअरी २०१३)

**विद्यालयमा देखिएको अवस्था**

यस विद्यालयका ६ जना शिक्षकहरु ई-पाटी एकीकृत शिक्षण सिकाइको आधारभूत तालिममा सहभागी भएका थिए । यस भ्रमणको क्रममा तालिममा सहभागी सबै शिक्षकहरुको एकीकृत कक्षा अवलोकन गरि पृष्ठपोषण दिइएको थियो । एकीकृत कक्षा शिक्षण गर्ने शिक्षक र कक्षा सम्बन्धि जानकारी तल उल्लेख भएअनुसार रहेको थियो ।

- ✍ विमल गौतम कक्षा ५ विज्ञान हप्ता ८ Deforestation
- ✍ विरेन्द्र के. सी. कक्षा २ विज्ञान हप्ता ७ Heat and Light
- ✍ चुडामणी सुवेदी कक्षा ४ अङ्ग्रेजी हप्ता १८ Little red riding hood I
- ✍ राधादेवि शर्मा कक्षा ३ अङ्ग्रेजी हप्ता २१ Past Tense
- ✍ गणेश वि. क. कक्षा ६ गणित हप्ता १६ Types of Angle
- ✍ प्रेमप्रसाद रेग्मी कक्षा ३ नेपाली हप्ता ६ पहिरो

यस बिद्यालयका शिक्षकहरूको कक्षा अवलोकन गर्दा देखिएका सबल पक्षहरू तल उल्लेख गरिए अनुसारका थिए ।

- ✍ तालिममा सहभागि भएका शिक्षकहरूमा एकीकृत शिक्षणको वारेमा प्रष्ट बुझाइ र ई-पाठ प्रयोगमा प्रतिवद्ध ।
- ✍ विद्यार्थीहरू ई-पाटीको आधारभूत प्रयोग गर्न सक्षम हुनका साथै रमाईलो मानि प्रयोग गरिरहेका ।
- ✍ एकीकृत कक्षा सञ्चालनको लागि अलग्गै रुटिन तयार गरि सोहि अनुसार शिक्षण भइरहेको ।
- ✍ चार्जिङ् र्‍याकवाट ई-पाटी निकाल्दा र राख्दा पालैपालो राख्ने ब्यवस्था मिलाईएको ।

- ✍ शिक्षक विमल पौडेललाई फोकल शिक्षक तोकिएको ।

एकीकृत कक्षा शिक्षण अवलोकन पश्चात् सबै शिक्षकहरुलाई एकैठाउँ राखेर ई-पाटी एकीकृत शिक्षणको क्रममा देखिएका र शिक्षणलाई थप प्रभावकारी वनाउन शिक्षकहरूलाई दिइएका मुख्य सुझावहरु यस अनुसार रहेका थिए -

- ✍ एकीकृत कक्षा शिक्षणको क्रममा आवाज प्रयोग हुने क्रियाकलापहरूको आवाज ब्यवस्थापनमा कठिनाइ देखिएकोले समुह विभाजन गरेर १/१ जनाको मात्र आवाजको लागी ई-पाटी प्रयोग गर्ने वा शिक्षकको मात्र ई-पाटी प्रयोग गर्न जानकारी दिएको ।
- ✍ विद्यार्थीको कक्षाकार्य ब्यवस्थापनको लागी जवचार्ट तयार गरिएको र यसको नियमित प्रयोग गर्न भनिएको ।
- ✍ कक्षाकोठा सञ्चालनका नियमहरु र ई-पाटी सुरक्षाका नियमहरु तयार गरि कक्षामा टाँस्ने र यसवारे विद्यार्थीहरुलाई जानकारी गराउनु आवश्यकछ ।
- ✍ आज के सिक्दैछौ भन्ने कुराको जानकारी दिदै बोर्डमा लेखिदिने ।
- ✍ विद्यार्थीहरुले ई-पाटी खोल्दा र अन गर्दा एकैपटक गर्न लगाउनुपर्छ ।
- ✍ ई-पाटीमा भएका शब्दहरु उच्चारण गर्दा शिक्षकले उच्चारण नगरि ई-पाटीवाट सुनाउँदै बिद्यार्थीहरुलाई उच्चारण गर्न लगाउने ।
- ✍ ई-पाटीमा भएका विषयवस्तुहरु विद्यार्थीलाई नै पालैपालो पढ्न लगाउने ।
- ✍ विद्यार्थीलाई गृहकार्य दिँदा बोर्डमा लेखि दिने र कापीमा सार्न लगाउने ।
- ✍ ई-पाटी एकीकृत कक्षाशिक्षण गराउने सबै शिक्षकहरुले एकीकृत पाठयोजना तयार गरि सोहि अनुसार शिक्षण गर्ने ।
- ✍ बिद्यार्थीहरुलाई ई-पुस्तकालयको वारेमा जानकारी दिई प्रयोगको समय छुट्याइदिने ।
- ✍ अन्यकक्षाका विद्यार्थीहरुलाई पनि ई-पुस्तकालय प्रयोगका वारेमा जानकारी दिइ प्रयोगको वातावरण मिलाउने ।

**कक्षा ब्यवस्थापन**

यस विद्यालयमा ई-पाटी एकीकृत कक्षाशिक्षणको लागी अलग्गै कक्षाकोठा तथा उपयुक्त फर्निचर तयार गरि कक्षा शिक्षण भइरहेको पाइयो । ई-पाटी एकिकृत कक्षाशिक्षण भइरहेको कोठामा विद्यालय नेटवर्क गरिएको भएपनि सर्भर चाहि विद्यालयका अन्य कम्प्युटर भएका कोठामा राखिएको पाइयो । सर्भरवाट तारका माध्यमवाट ई-पाटी एकीकृत शिक्षण हुने कोठामा ई-पुस्तकालय प्रयोग हुने ब्यवस्था मिलाइएकोछ । शिक्षकहरुले पनि ई-पुस्तकालयको प्रयोग गरेको नपाएइकोले सबै शिक्षकहरुलाई एकै ठाउँमा राखेर ई-पुस्तकालयको जानकारी, प्रयोगको तरिका र यसको उपयोगीतावारे वताउँदै अभ्यास गराइयो । यसवाट आगामी दिनमा शिक्षकहरुले ई-पुस्तकालय प्रयोग गर्न तथा विद्यार्थीहरुलाई पनि यसको प्रयोगको वातावरण मिलाउने बताएकाछन् । यस भ्रमणमा विद्यालयमा रहेका २३ वटा डेक्सटप कम्प्युटरहरुमा नेटवर्किङ गरि शिक्षकहरुलाई ई-पुस्तकालय र ई-पाठमा अभ्यास गराइयो साथै विद्यालय सर्भर अपडेट गरियो ।

- यस विद्यालयमा अङ्ग्रेजी माध्यमवाट कक्षा शिक्षण हुने भएकाले गणित विषयका ई-पाठहरु पनि अङ्ग्रेजी माध्यमवाट तयार भएका भए बेश हुनेकुरा शिक्षकहरुले वताएका थिए ।
- एउटा ई-पाटीमा प्राविधिक खरावि देखिएकाले मर्मतका लागी कार्यालयमा फिर्ता ल्याईयो ।

**श्री पृथ्वी उच्चमाध्यमिक विद्यालय अमलाचौर बागलुङ**

- अवधि- माघ २३ र २४, २०६९ (५ र ६ फेब्रुअरी २०१३)

**विद्यालयमा देखिएको अवस्था**

यस विद्यालयका ६ जना शिक्षकहरु ई-पाटी एकीकृत शिक्षण सिकाइको आधारभूत तालिममा सहभागी भएका मध्ये ५ जना र एकजना शिक्षक सीता शर्माले तालिम नलिइकन एकीकृत शिक्षण गरिरहेकोले उहा समेत ६ जना शिक्षकहरुको एकीकृत कक्षा अवलोकन गरि पृष्ठपोषण दिइएको थियो । आधारभूत तालिम लिएको शिक्षक मुक्तिप्रसाद शर्मा विदामा रहेकाले कक्षा अवलोकन गर्न सकिएन । एकीकृत कक्षा शिक्षणमा सहभागी शिक्षक र कक्षा सम्बन्धि जानकारी तल उल्लेख भएअनुसार रहेको थियो ।

- ✍ प्रेमप्रसाद रेग्मी कक्षा ३ विज्ञान हप्ता २ जनावरका खाना र खाने तरिका
- ✍ प्रेमप्रसाद ढकाल कक्षा ३ गणित हप्ता १९ स्तम्भ लेखाचित्र
- ✍ तेजुराम वि. क. कक्षा ४ गणित हप्ता २४ क्रमजोडा सङ्ख्या
- ✍ सुरज समुन्द्रिया कक्षा ६ अङ्ग्रेजी हप्ता १ Alphabetical order
- ✍ सीता शर्मा कक्षा ४ विज्ञान हप्ता २ ढाड भएका र नभएका जनावरहरु (तालिम नलिइकन एकीकृत शिक्षण गरिरहेको शिक्षक)
- ✍ बुद्धिप्रसाद शर्मा कक्षा ५ अङ्ग्रेजी हप्ता १४ Present and Past

यस बिद्यालयका शिक्षकहरूको कक्षा अवलोकन तथा ई-पाटी र कक्षाकोठाको ब्यवस्थापन हेर्दा देखिएका सबल पक्षहरू तल उल्लेख गरिए अनुसारका थिए ।

- ✍ तालिममा सहभागि भएका शिक्षकहरूमा एकीकृत शिक्षणको वारेमा प्रष्ट बुझाइ रहेको ।
- ✍ विद्यार्थीहरू ई-पाटीको आधारभूत प्रयोग गर्न सक्षम हुनका साथै रमाईलो मानि प्रयोग गरिरहेका ।
- ✍ चार्जिङ् र्‍याकवाट ई-पाटी निकाल्दा र राख्दा पालैपालो राख्ने ब्यवस्था मिलाईएको ।
- ✍ विद्यार्थीहरुलाई शिक्षकको ष्पष्ट निर्देशन थियो ।
- ✍ तालिम अप्राप्त एकजना शिक्षकले पनि सन्तोषजनक रुपमा एकीकृत कक्षा शिक्षण गरिरहेको ।
- ✍ कक्षाकोठा सञ्चालनका नियमहरु र ई-पाटी सुरक्षाका नियमहरु तयार गरि कक्षामा टाँसी विद्यार्थीहरुलाई जानकारी गराइएको ।
- ✍ शिक्षक प्रेमप्रसाद ढकाललाई फोकल शिक्षक तोकिएको ।

कक्षा अवलोकन पश्चात् शिक्षकलाई उपलव्ध गराइएका सुझावहरु

- ✍ एकीकृत कक्षा शिक्षणको क्रममा आवाज प्रयोग हुने क्रियाकलापहरूको आवाज ब्यवस्थापनमा कठिनाइ देखिएकोले समुह विभाजन गरेर १/१ जनाको मात्र आवाजको लागी ई-पाटी प्रयोग गर्ने वा शिक्षकको मात्र ई-पाटी प्रयोग गर्न जानकारी दिएको ।
- ✍ विद्यार्थीको कक्षाकार्य ब्यवस्थापनको लागी जवचार्ट तयार गरिएको र यसको नियमित प्रयोग गर्न भनिएको ।
- ✍ विद्यार्थीहरुले ई-पाटी खोल्दा र अन गर्दा एकैपटक गर्न लगाउनुपर्छ ।
- ✍ ई-पाटीमा भएका शब्दहरु उच्चारण गर्दा शिक्षकले उच्चारण नगरि ई-पाटीवाट सुनाउँदै बिद्यार्थीहरुलाई उच्चारण गर्न लगाउने ।
- ✍ एकीकृत शिक्षणको समयमा शिक्षक आफुले पनि ई-पाटी प्रयोग गर्ने ।
- ✍ आज के सिक्दैछौ भन्ने कुराको जानकारी दिदै बोर्डमा लेखिदिने ।
- ✍ ई-पाटी खुल्दै गर्दा र वन्द हुँदै गर्दाको समय सदुपयोग गर्ने वा विद्यार्थीलाई केहि काम दिने ।
- ✍ ई-पाटी एकीकृत कक्षाशिक्षण गर्ने सबै शिक्षकले एकीकृत पाठयोजना तयार गरि सोहि अनुसार शिक्षण गर्ने ।
- ✍ बिद्यार्थीहरुलाई ई-पुस्तकालयको वारेमा जानकारी दिई प्रयोगको समय छुट्याइदिने ।
- ✍ अन्यकक्षाका विद्यार्थीहरुलाई पनि ई-पुस्तकालय प्रयोगका वारेमा जानकारी दिइ प्रयोगको वातावरण मिलाउने ।
- ✍ शिक्षक तालिम निर्देशिका र पाठविवरणको प्रयोग गर्ने ।
- ✍ कक्षा ६ मा ८४ जना विद्यार्थीहरु एकै कक्षामा राखि कक्षा शिक्षण गरिरहेको कारणले हरेक विद्यार्थीलाई एकएक वटा ई-पाटी प्रयोग गर्न कठिनाई भएकाले सेक्सन छुट्याएर कक्षा शिक्षण गर्नु थप प्रभावकारी हुन्छ ।

**<u>कक्षा ब्यवस्थापन</u>**

यस विद्यालयमा ई-पाटी एकीकृत कक्षाशिक्षणको लागी अलग्गै कक्षाकोठा तथा उपयुक्त फर्निचर तयार गरि कक्षा शिक्षण भइरहेको पाइयो । ई-पाटी एकिकृत कक्षाशिक्षण भइरहेको कोठामा विद्यालय नेटवर्क गरिएको भएपनि सर्भर चाहि विद्यालयका कम्प्युटर भएका अन्य कोठामा राखि सर्भरवाट तारका माध्यमवाट ई-पाटी एकीकृत शिक्षण हुने कोठामा ई-पुस्तकालय प्रयोग हुने ब्यवस्था मिलाइएकोछ । यसै बिचमा

विद्यालय सर्भर अपडेट गरियो । शिक्षकहरुले पनि ई-पुस्तकालयको प्रयोग गरेको नपाएइकोले सबै शिक्षकहरुलाई एकै ठाउँमा राखेर ई-पुस्तकालयको जानकारी, प्रयोगको तरिका र यसको उपयोगीतावारे वताउँदै अभ्यास गराइयो । यसवाट आगामी दिनमा शिक्षकहरुले ई-पुस्तकालय प्रयोग गर्न तथा विद्यार्थीहरुलाई पनि यसको प्रयोग गर्न दिने प्रतिवद्धता जनाएकाछन् ।

**श्री जनता उच्चमाध्यमिक विद्यालय पाहि राङ्खानी बागलुङ**

- अवधि- माघ २५ र २६, २०६९ (७ र ८ फेब्रुअरी २०१३)

अन्य विद्यालयमा जस्तै यस विद्यालयका पनि ६ जना शिक्षकहरु ई-पाटी एकीकृत शिक्षण सिकाइको आधारभूत तालिममा सहभागी भएका थिए । तालिम लिएपश्चात् विद्यालयको रुटिन परिवर्तन गरेर तालिममा सहभागी भएका मध्ये ३ जना र तालिम नलिएका ६ जना शिक्षकहरुले ई-पाटी एकीकृत कक्षा शिक्षण गरिरहेको पाइयो । यसरी ई-पाटी एकीकृत कक्षाशिक्षण गरिरहेका ९ जना मध्ये प्रधानाध्यापक विद्यालयको कामले वाहिर रहेकाले वाँकी ८ जना शिक्षकहरुको एकीकृत कक्षा अवलोकन गरि पृष्ठपोषण दिइएको थियो । एकीकृत शिक्षणमा सहभागी शिक्षक र कक्षा सम्बन्धि जानकारी तल उल्लेख भए अनुसार रहेको थियो ।

तालिम लिएर एकीकृत शिक्षण गरिरहेका शिक्षकहरु

- भविश्वर आचार्य कक्षा ५ अङ्ग्रेजी हप्ता ८ Contractions
- तारादेवि शर्मा कक्षा ३ गणित हप्ता ९ गुणन
- टीकादेवि शर्मा कक्षा ३ नेपाली हप्ता १० महामारी

तालिम नलिइकन एकीकृत शिक्षण गरिरहेका शिक्षकहरु

- ललित थापा कक्षा २ अङ्ग्रेजी हप्ता ११ Birds
- आत्माराम शर्मा कक्षा ६ गणित हप्ता २ किनमेल
- कमल पौडेल कक्षा ५ गणित हप्ता १२ भिन्न, दशमलव र प्रतिशतको रूपान्तरण
- टुकनाथ शर्मा कक्षा ४ अङ्ग्रेजी हप्ता ८ Opposite words
- महेन्द्र शर्मा कक्षा ५ विज्ञान हप्ता १० सुरक्षित खेतिका उपायहरु

यस बिद्यालयका शिक्षकहरूको कक्षा अवलोकन तथा ई-पाटी र कक्षाकोठाको ब्यवस्थापन हेर्दा देखिएका सबल पक्षहरू तल उल्लेख गरिए अनुसारका थिए ।

- तालिममा सहभागि भएका शिक्षकहरूमा एकीकृत शिक्षणको वारेमा प्रष्ट बुझाइ रहेको र तालिममा सहभागी शिक्षकहरुले अन्य शिक्षकहरुलाई ई-पाटी एकीकृत शिक्षणका वारेमा जानकारी दिएको ।
- विद्यार्थीहरू ई-पाटीको आधारभूत प्रयोग गर्न सक्षम हुनका साथै रमाईलो मानि प्रयोग गरिरहेका ।
- चार्जिङ् र्‍याकवाट ई-पाटी निकाल्दा र राख्दा पालैपालो राख्ने ब्यवस्था मिलाईएको ।
- विद्यार्थीहरुलाई शिक्षकको ष्पष्ट निर्देशन थियो ।
- ई-पाटी एकीकृत शिक्षणको अलग्गै रुटिन तयार पारि प्रयोग भइरहेको ।
- ई-पाटी सुरक्षाका नियमहरु तयार गरि कक्षामा टाँसी विद्यार्थीहरुलाई जानकारी गराइएको ।
- सबै शिक्षक तथा विद्यार्थीहरुले ई-पुस्तकालयको प्रयोग गरेका ।
- तालिम अप्राप्त शिक्षकहरुले पनि तालिम प्राप्त शिक्षकहरुको सहयोगमा सन्तोषजनक रुपमा एकीकृत कक्षा शिक्षण गरिरहेको ।
- तालिम प्राप्त शिक्षक शशिधर पौडेलको एकीकृत कक्षा शिक्षण नपरे पनि फोकल शिक्षकको जिम्मेवारी दिएकाले जिम्मेवारी पुरा गरिरहेको ।

कक्षा अवलोकन पश्चात् शिक्षकलाई उपलव्ध गराइएका सुझावहरु

- ✍ एकीकृत कक्षा शिक्षणको क्रममा आवाज प्रयोग हुने क्रियाकलापहरूको आवाज ब्यवस्थापनमा कठिनाइ देखिएकोले समुह विभाजन गरेर १/१ जनाको मात्र आवाजको लागी ई-पाटी प्रयोग गर्ने वा शिक्षकको मात्र ई-पाटी प्रयोग गर्न जानकारी दिएको ।
- ✍ विद्यार्थीको कक्षाकार्य ब्यवस्थापनको लागी जवचार्ट र कक्षाकोठा सञ्चालनका नियमहरु तयार गरि यसको नियमित प्रयोग गर्न भनिएको ।
- ✍ कक्षाकार्य सम्पन्न गर्ने विद्यार्थीहरुलाई थप हौसला दिने र मिलेन भन्ने आवाज आएको तिर सहयोग गर्ने ।
- ✍ एकीकृत शिक्षणको समयमा शिक्षक आफुले पनि ई-पाटी प्रयोग गर्ने ।
- ✍ विद्यार्थीहरुले ई-पाटी खोल्दा र अन गर्दा एकैपटक गर्न लगाउनुपर्छ ।
- ✍ ई-पाटीमा भएका शब्दहरु उच्चारण गर्दा शिक्षकले उच्चारण नगरि ई-पाटीवाट सुनाउँदै बिद्यार्थीहरुलाई उच्चारण गर्न लगाउने ।
- ✍ ई-पाटी एकीकृत कक्षाशिक्षण गराउने सबै शिक्षकहरुले एकीकृत पाठयोजना तयार गरि सोहि अनुसार शिक्षण गर्ने ।
- ✍ शिक्षक तालिम निर्देशिका र पाठविवरणको प्रयोग गर्ने ।

## केही तस्विरहरू



**Figure 1** गणेश माविको ई-पाटी एकीकृत कक्षा



**Figure 3** गणेश माविमा एकीकृत शिक्षण



**Figure 2** गणेश माविको ई-पाटी एकीकृत कक्षा शिक्षण



**Figure 4** जनता माविमा अभिभावकहरुसँग छलफल




**Figure 5** जनता माविमा ई-पाटी चार्जिङ ब्यवस्थापन



**Figure 6** जनता माविमा एकिकृत शिक्षण सहयोग



**Figure 7** गणेश माध्यमिक विद्यालयको कक्षा शिक्षण



**Figure 8** पृथ्वी उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरु



**Figure 9** विद्यार्थीहरु ई-पाठ अभ्यासमा ब्यस्त जनता माविमा




**Figure 10** पृथ्वि उच्चमाविको एकीकृत कक्षा शिक्षण




**Figure 11** गणेश माविका शिक्षकहरु ई-पुस्तकालयमा अभ्यास गर्दै



**Figure 12** विद्यार्थीहरु लाईनवद्ध भएर ई-पाटी कक्षामा आउँदै जनता माविमा